दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६७ | बुटवल | २०८२ असोज ०८ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday September 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## चुनावको तयारी थाल्न प्रधानमन्त्रीको निर्देशन



बुटवल । प्रधानमन्त्री सुशीला कार्की र निर्वाचन आयोगका पदाधिकारीबिच छलफल भएको छ।

प्रधानमन्त्री कार्कीले आयोग पदाधिकारीहरूलाई सिंहदरबार बोलाएर निर्वाचनका लागि आवश्यक तयारीका लागि ब्रिफिङ लिएकी हुन् । छलफलका लागि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीकसहित आयोग पदाधिकारीहरू सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेका थिए ।

आयोगले यसबीचमा निर्वाचनका लागि भइरहेका तयारीसम्बन्धी कामकारबाही, जटिलता र सरकारले दिनुपर्ने निकासका विषयमा छलफल भएको बैठकमा सहभागी एक अधिकारीले जानकारी दिए ।

सरकारले आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन घोषणा गरिसकेको छ । सरकारले विदेशमा रहेका नेपालीलाई पनि मतदानमा सहभागी गराउन चाहेको छ। यसअघि गृहमन्त्री ओमप्रकाश अर्यालले आयोग पदाधिकारीसँग गरेको छलफलमा यो कुरा राखेका थिए । प्रधानमन्त्री कार्कीले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, निष्पक्ष र मितव्ययी ढंगले सम्पन्न गर्नु सरकारको उच्च प्राथमिकता रहेको उल्लेख गर्दै निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यक स्रोत-साधन, जनशक्ति र शान्ति-सुरक्षाको भरपर्दो व्यवस्था मिलाइने जानकारी गराइन् । उनले निर्वाचनका लागि अनुकूल वातावरण बनाउन सरोकारवालासँग निरन्तर परामर्श र सहकार्य गरिने बताउँदै आयोगलाई तयारीका सम्पूर्ण कार्य तत्काल अघि बढाउन आग्रह गरिन् ।

## युवाहरू हावामा कुद्न हुन्न : ओली



बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले युवाहरूलाई इमानदार र क्लिन हुन आग्रह गरेका छन् । मंगलबार बिहान भक्तपुरको गुण्डुमा कार्यकर्ताहरूसँगको भेटवार्ताका क्रममा उनले यस्तो बताएका हुन् ।उनले कर्मठ युवाहरू हावामा कुद्ने नभइ आफ्नो र देशप्रतिको कर्तव्य बिर्सन नहुने जिकिर गरे । 'देश बनाउन हिँडेका कर्मठ युवाहरू हावामा कुद्ने होइन । आफ्नो कर्तव्य के हो ? देशप्रतिको कर्तव्य के हो ? समाजप्रतिको कर्तव्य के हो ? पढाईमा कति ध्यान दिने ? जहाँ पनि हामीले इमानदार हुन सिक्नुपर्छ, क्लिन हुन सिक्नुपर्छ,' ओलीले भने-'नलेज बढाउने, क्यारेक्टर डेभलप गर्नुपर्छ। सामाजिक सञ्जालको डिजिटल प्लेटफर्ममा सहभागी हुने, त्यसको सदूपयोग गरिरहेको छु कि छैन भनेर राम्ररी विचार गर्नुपर्छ ।'

जेनजी प्रदर्शनपछि देश बदनाम अवस्थामा पुगेको भन्दै अत्यन्तै जिम्मेवार र सभ्य बनेर देशलाई उठाउन लाग्नुपर्ने बताएका हुन् ।

'नेपाल एउटा बदनाम अवस्थामा पुगेको छ। त्यसबाट हामीले भन्न सक्नुपर्नेछ, नेपाल इमानदार अवस्थामा छ भनेर । अत्यन्तै जिम्मेवार र सभ्य मानिसहरूको काँधमा यो कुरा आएको छ ।'- उनले भने ।

उनले जेनजी प्रदर्शनका क्रममा मान्छेहरू योजनाबद्ध रुपमा लागेको देखिएको पनि बताए ।

'उनीहरूको योजनाबद्ध तयारी देखिन्छ । फेरि बादल लाग्यो भन्दैमा बादल हट्दैन भन्ने छैन,' उनले भने-'साँझ पऱ्यो भन्दैमा भोलि बिहान उज्यालो हुन्छ भन्ने कुरा विचार पुऱ्याउनुपर्छ ।'

ओलीले देश कसले जलायो थाहा छैन, देश र इतिहासलाई माया गर्ने मान्छेले पक्कै सिंहदरबार जलाएन भन्दै अरू नै कुनै घुसपैठ गर्ने तत्वहरूले जलाएको बताए । उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलाई लक्षित गर्दै जो पहिल्यैदेखि सिंहदरबार जलाउँछु भन्दै थिए, योजनाबद्ध काम हो यो । यस्तो कुरा हामीले बुझ्नुपर्ने बताए ।

कठिन परिस्थितिमा पनि हरेस नखाई संघर्षमा अघि बढ्न र बाह्य हस्तक्षेप र षड्यन्त्रलाई बुझेर, दृढतापूर्वक राष्ट्रिय हितमा अडिन उनको निर्देशन थियो ।

## मुग्लिन–नारायणगढ सडक अनिश्चितकालका लागि बन्द

बुटवल । तुइनखोलामा भयंकर सुक्खा पहिरो खसेसँगै नारायणगढ-मुग्लिन सडकखण्ड अनिश्चितकालका लागि बन्द भएको छ ।

चितवनको इच्छाकामना गाउँपालिका-५ तुइनखोलास्थित सडकमा मंगलबार दिउँसो ३:२० बजे खसेको भयंकर सुक्खा पहिरोले सडक समेत भासिने जोखिम बढेको चितवनको एसपी गोविन्द पुरीले जानकारी दिए ।

सडक खुल्न कति दिन लाग्ने भन्ने कुनै निर्क्योल गर्न नसकिने अवस्था रहेको उनको भनाइ छ ।

सडक नै भासिन सक्ने जोखिमका कारण सवारीसाधनलाई फिर्ता गरेर वैकल्पिक बाटो प्रयोग गर्न अनुरोध गरिएको उनले बताए ।

पहिरो निरन्तर खसिरहेकोले तत्काल पहिरो पन्छाउन सक्ने सम्भावना नरहेको उनले जानकारी दिए ।

### कांग्रेसमा किचलो :

# शेखर–गगन पक्षको हस्ताक्षर अभियान सुरु



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर अभियान सुरु गरिएको छ। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिलाई अध्ययन गर्दै महामन्त्री गगनकुमार थापा र डा. शेखर कोइराला समूहका महाधिवेशन प्रतिनिधिहरुले विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर गरेका हुन् ।

सोमबार काठमाडौंमा भएको एउटा बैठकपछि सयभन्दा धेरै जना महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरी अन्यलाई पनि यो अभियानमा सहभागी हुन आग्रह गरेका छन् ।

'नेपाली कांग्रेसको स्थापनाकालदेखि नै पार्टीसामु धेरै संकटहरु उत्पन्न भए। हामीले ती सबै संकट र चुनौतीहरुसँग मुकाविला गर्यौं। राष्ट्र, राष्ट्रियता र लोकतन्त्रमाथिका हरेक संकटको सामना गर्दै पार्टीमाथिका आक्रमणलाई परास्त गर्दै आएका छौं,' हस्ताक्षर पत्रमा उनीहरुले भनेका छन्-'तसर्थ यतिबेला उत्पन्न संकटलाई कसरी सामना गर्ने र भविष्यको यात्रा तय गर्ने भन्ने चुनौती हाम्रो अगाडि आइपरेको छ ।'

जेनजीले भ्रष्टाचारविरुद्ध आन्दोलन गर्नुपर्ने अवस्था आउनुमा पार्टीले लिएको नीति, लिएका निर्णयहरु, चालिएका कदमहरु र कामकारबाही जिम्मेवार भएको ठहर हस्ताक्षरकर्ताहरुको छ ।

'पार्टीसामु गम्भीर प्रश्नहरु उठेका छन् । यसको सामना गर्नुपर्ने बाध्यता हाम्रा लागि निकै कष्टकर तर पन्छाउनै नसकिने प्रश्नहरु पहाड बनेर खडा भएका छन्,' उनीहरुले हस्ताक्षर पत्रमा थप भनेका छन्-'सरकार र पार्टी सञ्चालनका विषयमा हामीले धेरैपटक आलोचनात्मक र सिर्जनात्मक सुझाव दिएकै हो । साथै भविष्यमा उत्पन्न हुन सक्ने संकटका बारेमा पनि अवगत गराएकै हो । तथापि न त सरकार, नत पार्टीले नै सुनुवाइ गर्न सक्यो । न त आफूलाई सच्याउन तयार भयो । नेतृत्वका कार्यशैलीका बारेमा बारम्बार प्रश्न उठाउने पार्टीका साथीहरुलाई किनारामा धकेल्ने र विभेदपूर्ण व्यवहारसमेत भएको कुरा दुःख साथ स्मरण गराउन चाहन्छौं ।'

उनीहरुले विगतका गल्तीहरु माफी माग्दै सुधारिएको भविष्यको बाटो तय गर्न विशेष महाधिवेशनबाहेक अर्को उपयुक्त थलो वा माध्यम नभएको पनि भनेका छन् ।

'नेतृत्वमाथि उठेका विभिन्न प्रश्नहरु निरुपण गर्दै आगामी बाटो तय गर्न विशेष महाधिवेशनको आवश्यकता महसुस गरी हामी महाधिवेशन प्रतिनिधिहरु नेपाली कांग्रेसका सम्पूर्ण साथीहरुलाई यस अभियानमा जोडिन आग्रह गर्दछौं ।'-उनीहरुले महाधिवेशन प्रतिनिधिहिरुलाई आह्वान गर्दै भनेका छन् ।

वर्तमान परिस्थितिको गम्भीर्यता बोध गरी केन्द्रीय समितिको क्षेत्राधिकारसमेत रहेको विशेष महाधिवेशन बोलाउने दायित्वलाई केन्द्रीय समितिले मनन् गर्ने अवस्था कमजोर हुँदै गएपछि विशेष महाधिवेशनको माग गरिएको नेताहरुले बताएका छन् ।

'इतिहासको यस संवेदनशील घडीमा पार्टीलाई वर्तमान दुरावस्थाबाट निकालेर समयसापेक्ष, लोकप्रिय, प्रभावकारी र सुदृढ तुल्याउन आवश्यक रहेको जिम्मेवारीबोध गरी पार्टी विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशनको प्रक्रियामा सामेल हुन आग्रह गर्दछौं ।'- उनीहरुले थप भनेका छन् ।

कांग्रेसले १६५ निर्वाचन क्षेत्र र भातृ तथा सुभेच्छुक संघ संस्था र विदेशस्थित जनसम्पर्क समितिबाट गरी ४७ सय ४३ जना महाधिवेशन प्रतिनिधिको रहेको उल्लेख गरेको छ । पार्टीको विधानले ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्न पाउने जनाएको छ ।

हस्ताक्षर गर्नेमा शेखर कोइराला समूहमा खुल्दै आएका गुरुराज घिमिरे, देवराज चालिसेसहितका नेताहरु छन् ।

यता नेताहरु हस्ताक्षर अभियान सुरु गरिरहँदा सभापति देउवा र उनीनिकटहरु भने पदावधि १ वर्ष थप्ने तयारीमा जुटेका छन् । केन्द्रीय समितिमा स्पष्ट बहुमत रहेका देउवाले आगामी मंसिरमै पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने भए पनि यो नहुने पक्कापक्की भइसक्यो ।

## संसद् पुनस्र्थापनाको माग गर्न हुन्न : विश्वप्रकाश

बुटवल । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अफ्ठेरो परिस्थितिलाई राष्ट्रपतिले सम्हालेर निर्वाचनको मिति घोषणा गरेकाले अब संसद् पुनस्र्थापन माग पार्टीले राख्न नहुने बताएका छन् । एक कार्यक्रममा बोल्दै संसद् विघटनबारे पार्टीभित्र दुई मत रहेको बताए ।

उनले भने-'संसद् पुनस्र्थापन गरेर जानुपर्छ भन्ने मत पनि छन् । चुनावमा जानुपर्छ भन्ने नेताहरू पनि हुनुहुन्छ । हामी केन्द्रीय समितिबाट सामूहिक धारणा बनाउने नै छौं । तर मेरो धारणा चाहिँ अब निर्वाचनको मिति घोषणा भइसकेको छ। अफ्ठेरोको बीचमा राष्ट्रपतिले सेनालाई विश्वासमा राखेर नयाँ सरकार बनाएर निर्वाचनमा जान दलहरूलाई भनिरहेको बेलामा अब पुनस्र्थापन माग राख्न हुँदैन ।'

उनले जेनजीले उठाएको मागप्रति समर्थन रहेको पनि बताए । जेनजीले रूपान्तरण ल्याएर गठन गरेको सुशीला कार्की नेतृत्वको सरकारमा जेनजीको प्रतिनिधि सहभागी नभएकोप्रति प्रश्न उठाए ।

उनले भने-'यो सरकारमा एउटा मात्रै पनि जेनजीको प्रतिनिधित्व हुन पर्दैन । बलिदान गर्ने बेलामा जेनजी, परिवर्तनको लागि लड्ने बेलामा जेनजी, सरकार बनाउन पहल गर्ने जेनजी, जो आउनुभएको छ । एक सय एक आउनुभएको छ । तर, जेनजीको प्रतिनिधित्वबिना सरकारलाई पूर्णता दिने कुरालाई हामीले गम्भीरतापूर्वक राख्नुपर्छ ।'






## सम्पादकीय

# दसैं सुरक्षा योजना कार्यान्वयन गर

नेपालीको ठूलो पर्व दसैं घटस्थापनासँगै सुरु भएको छ। बहुसंख्यक नेपाली हिन्दु धर्म संस्कृति मान्ने भएकाले यो पर्व राष्ट्रिय पर्वको रुपमा स्थापित भएको छ। अध्ययन, रोजगारी र व्यवसायका लागि घर छाडेकाहरु पर्व मनाउन घर फर्कन्छन्। पारिवारिक मिलन र सामाजिक सद्भाव बढाउने पर्वको रूपमा दसैंलाई मानिन्छ।

एकैपल्ट गाउँमा जनसंख्याको चाप हुन्छ। त्यसैगरी, दसैंमा घर फर्कनेहरु र दसैं सकिएपछि शहर फर्कनेहरुको चापले यातायात आवागमनको चाप हुन्छ। यो बेला आपसमा झैंझगडाका साथै अन्य सुरक्षा जोखिम उच्च हुन्छ। बसेको घर छाडेर दसैं मनाउन गाउँ जाँदा चोरीको समस्या बढ्न सक्छ। यातायातका साधन आवागमनको चापले दुर्घटना बढ्न सक्छ। यही बेला हो, प्रहरीको आवश्यकता र महत्व। प्रहरीको निगरानी र सतर्कताले चोरी डकैती रोकिन सक्छ। राजमार्गमा यात्रा सुरक्षित हुनसक्छ। राजमार्ग लक्षित सुरक्षा योजना बनाएर प्रहरीले काम सुरु गरिसकेको छ। हरेक वर्ष प्रहरीले चाडपर्व लक्षित सुरक्षा योजना बनाएर लागु गर्दै आएको छ। अहिले नेपाल प्रहरीको संख्या ८० हजार हाराहारीमा छ। यो जनशक्ति परिचालनले मात्रै सुरक्षा योजना कार्यान्वयन प्रभावकारी बनाउन चुनौतीपूर्ण छ। प्रहरीलाई समुदायको साथ र सहयोग आवश्यक पर्छ। समुदायप्रति प्रहरीको जति सकारात्मक भाव आवश्यक छ, प्रहरीप्रति नागरिकको सहयोग जरुरी छ। भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको हिंसा, तोडफोड र आगजनीले प्रहरीको मनोबल गिरेको छ। प्रहरीको गिरेको मनोबल उकास्न सक्दा मात्रै नागरिकको सुरक्षा प्रभावकारी हुनसक्छ। प्रहरीको गिरेको मनोबल उकास्ने काम सरकारको प्राथमिकतामा पर्नुपर्छ। त्यसैगरी, राजनैतिक दल र विभिन्न संघसंस्थाले पनि प्रहरीको मनोबल उकास्ने काम गर्न सक्छन्। जेलबाट भागेका १४ हजार कैदी बन्दीमध्ये अझै ८ हजार फर्केका छैनन्। कतिपय पुनः अपराधिक क्रियाकलापमा संलग्न भइसकेका छन्। ठूलो संख्यामा कैदी बन्दी भागेकाले समाजमा त्रास बढेको छ। यो बेला कैदी बन्दीलाई कारागार फर्काउन प्रहरीले सुरु गरेको अभियानलाई सार्थक बनाउन समुदायको सहयोग अपरिहार्य छ।

चाडपर्वमा कतिपय प्रहरीले गर्ने कमजोरीका कारण सिंगो प्रहरी संगठन बदनाम हुने जोखिम छ। कतिपय प्रहरीका कमजोरीप्रति नजर अन्दाज गर्ने नभई विभागीय कारबाही हुनुपर्छ। ओभरलोड बोक्ने र सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोक्नेलाई कानुनी कारबाही गर्नुको साटो आँखा चिम्लिएर छुट दिने प्रवृत्ति पनि छ। प्रहरीले आँखा चिम्लिएर मनपरी गर्न छुट दिँदा दुर्घटनाको जोखिम छ। चाडपर्वमा हुने दुर्घटना सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोकेकै कारणले धेरै भएका छन्। गाडीको गति नियन्त्रण नगर्ने, सवारी साधन चालकले चलाउनुको साटो सह-चालकले चलाउने जस्ता प्रवृत्ति नियन्त्रण गर्न पनि प्रहरी कतिपय बेला चुकेको छ। यी जिम्मेवारीप्रति जवाफदेही बनाउन प्रहरी नेतृत्व सजग हुनुपर्छ। लामो रुटमा चल्ने गाडीमा दुई चालक अनिवार्य भनिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन।

दसैं उल्लासको पर्व हो। यो पर्वलाई साँच्चिकै उल्लासमय बनाउन प्रहरीले बनाएको सुरक्षा योजनाको कार्यान्वयन जति आवश्यक छ, प्रहरीलाई नागरिकको सहयोग उत्तिकै जरूरी छ।

# खरानीमाथि उत्पन्न अवसर !



देवप्रकाश त्रिपाठी

प्रजातन्त्र ढालेर स्थापना गरिएको 'लोकतन्त्र'समेत विकृत भएपछि लोकतन्त्रको विकल्प खोज्ने चरणमा देश प्रवेश गरेको छ। यद्यपि पछिल्लो विद्रोहका 'अदृष्य निर्देशक'हरू नेतृत्व मात्र बदलेर लोकतन्त्रको नाममा यही अव्यवस्थित व्यवस्थालाई निरन्तरता दिने प्रयासमा रहेको बुझिन्छ। 'उनीहरू' को यही खेलका कारण वास्तवमा संविधान मरिसकेको हो या बाँचिरहेछ भन्ने स्पष्ट हुन नसकेको हो। र, आगामी दिनहरू यस्तै अनिश्चय र अन्यौलका बिच गुज्रने देखिएको छ।

नेपालको इतिहासमा नियोजित राजनीतिक परिवर्तनका अनेक घटना भए, ती परिवर्तनका नेतृत्व, नीति र गन्तव्य पहिले नै स्पष्ट हुने गर्थे। कुन पक्ष के चाहन्छ र कसरी उ आफ्नो लक्ष्यप्राप्तिका निम्ति क्रियाशील भइरहेको छ भन्ने पनि बुझिन्थ्यो। तर, यसपटक ठ्याक्कै स्वस्फुर्त रूपमा उठेजस्तै देखिनेगरी नेतृत्वबिनाको नियोजित हिंसात्मक आन्दोलन भयो र यो अहिले दिशाहीन स्थितिमा पुगेको छ। वास्तवमा परिवर्तनको पृष्ठभूमि संसदमा रहेका दल तथा तिनका नेतृत्वको व्यवहार र चरित्रले बनाइदिएको हो। यद्यपि, देशले सकारात्मक परिणाम हाशील गर्न नसक्नुमा राजनीतिक नेतृत्व मात्रलाई कारण मान्न सकिँदैन। भ्रष्ट, कामचोर र आत्मकेन्द्रीत कर्मचारी प्रशासन तथा कहिल्यै स्थिरता, शान्ति र समृद्धि दिन नसक्ने संवैधानिक प्रावधान पनि त्यसनिम्ति उत्तिकै जिम्मेवार रहेको छ। तर आम तवरमा राजनीतिकर्मीलाई मात्र 'टार्गेट' गरेर 'तीर' चल्दै आएको थियो। र, जिम्मेवार सार्वजनिक मिडिया तथा निजी (सोसल) मिडियाको नकारात्मक प्रचारबाजीले मानिसमा असन्तुष्टि र आक्रोश बढाउँदै लगेको थियो। परिस्थिति बिस्फोटक बन्दै गएको भए पनि मानिस निजी (सामाजिक सञ्जाल) मिडियामार्फत् आफ्ना कुण्ठा र आक्रोश प्रकट गर्दै घर-घरमा बसिरहेका हुन्थे। तिनलाई घर छोडेर सिधैं सडकमा आउने निहुँचाहिँ प्रधानमन्त्री केपी शर्माले सामाजिक सञ्जाल बन्द गरेर दिनुभयो। सामाजिक सञ्जालमा एकैछिन अवरोध आउँदा समेत छटपटिने र असामान्य व्यवहार प्रदर्शन गर्न थाल्ने, बाबू-आमा र बाँकी जम्मै कुरालाई भन्दा इन्टरनेट र सामाजिक सञ्जाललाई प्राथमिकता दिने पुस्ताको मनोविज्ञानलाई पर्ने असरबारे सामान्य अध्ययनसम्म नगरी केपी नेतृत्वको सरकारले जुन निर्णय लियो, त्यो आत्मघाती प्रमाणित भयो !

संसदमा रहेका सबै दलका प्रमुख नेताहरू आफ्नो स्वच्छता कायम राख्न असफल भैसकेका थिए, उनीहरू सम्राट बनेको मनस्थितिमा देखा पर्दथे, उनीहरूलाई लाग्थ्यो कि म बिना राज्य चल्दैन मात्र होइन पृथ्वी नै घुम्दैन ! तर जनता यिनको अनुहार पनि हेर्न नचाहने गरि बक्री भइसकेका थिए। आजित जनता स्वःस्फूर्त रूपमा सडकमा उत्रन निहुँ र बिउ खोज्दै थिए, आखिर केपी नेतृत्वको सरकारले सामाजिक सन्जाल बन्द गरिदिएर तिनलाई सडकमा आउने ढोका खोलिदिए र त्यसको परिणाम पनि सम्बद्ध सबैले भोगेको स्थिति छ।

पेटको वरिपरि मात्र घुमिरहेका मानिसका निम्ति भाद्र २३ र २४ गते भएको विद्रोह केवल अप्रत्याशित घटना थियो, तर नेपाली राजनीति र यसको पृष्ठभूमिमा भैरहेका सूक्ष्म गतिविधिमा चासो राख्नेहरूका निम्ति यो अप्रत्याशित या स्वस्फूर्त घटना थिएन। मूलतः दुईवटा पाटोलाई राम्रोसँग बुझियो भने तथ्य स्पष्ट हुनेछ। पहिलो, नेपाली राजनीतिमा बाह्य चासो र तिनका सूक्ष्म क्रियाकलाप। दोस्रो, विश्व शक्ति सन्तुलनमा हुँदै गरेको फेरबदल तथा नेपालमा त्यसको असर र प्रभाव। नेपालमा जमिनका दुई छिमेकी मित्रराष्ट्रहरू र आकाशका मित्रराष्ट्रको प्रभाव तथा तिनका गतिविधिलाई बुझ्नुपर्ने हुन्छ। नेपालमा राजनीतिक, आर्थिक र सांस्कृतिक प्रभाव भारतको ज्यादा रहेको मानिन्छ र यो गलत पनि होइन। कुनैबेला भारत एक्लै निर्णायक भएर पनि नेपाली राजनीतिमा फेरबदल ल्याइएका घटना छन्। २००७ सालको परिवर्तन बाहिरबाट हेर्दाखेरि राणा, राजा र काङ्ग्रेस बीचको सम्झौताको परिणाम थियो, तर बुझ्दाखेरी उक्त परिवर्तनमा भारत मात्र निर्णायक रहेको भेटिन्छ।

उक्त परिवर्तनसँगै नेपाल प्रवेश गरेको पश्चिमी शक्ति आज नेपालको नसा-नसामा घुसेको छ। राजनीतिक दल, सेना, प्रहरी, कर्मचारी प्रशासन, अदालत, मिडिया र नागरिक समाजसम्म पनि पश्चिमा पकड सर्वाधिक बलवान् बनिसकेको छ। देशमा बाहिरी प्रभाव भारतको ज्यादा देखिए पनि राज्यसंयन्त्रमा पश्चिमी पकड अत्यन्तै मजबूत भइसकेको थियो, छ। यिनीहरू भारतलाई समेत 'आफूले निश्चित गरेको भूमिका'मा प्रयोग, उपयोग र सीमित गरिदिने हैसियत राख्दछन्। भारत नेपाललाई आफ्नो 'अम्ब्रेला'भित्र सूरक्षित देख्न यदि चाहन्छ भने पनि अब उसको चाहना भन्दा विपरीत स्थिति यहाँ धेरै अघि नै पैदा भइसकेको छ। राज्य संयन्त्रको नीतिगत एवम् निर्णायक तहमा दशकौंदेखि सर्बत्र पश्चिमाहरू नै हाबी हुँदै आएका छन्।

चीन सम्भवतः नेपालीभूमिबाट आफ्नो सूरक्षामा कुनै प्रकारको दखल नहोस् भन्ने चाहन्छ र नेपालमा भइरहेका हरेक घटनाप्रति उसका आँखाहरू निरन्तर परिरहेको छ भन्ने हामीले बुझ्नु पर्दछ। तर विभिन्न कारणवश नेपालको आन्तरिक राजनीति र राज्य संयन्त्रमा चीनको प्रभाव र पकड अत्यन्तै न्यून रहेको महसूस गरिन्छ। निर्माणको ठेक्का प्राप्त गर्ने बाहेकका कार्यमा चीन भेटिन मुस्किल पर्छ। नेपालमा कम्युनिष्ट पार्टीहरूको बलियो पकड रहेको भएपनि कम्युनिष्ट पार्टीमा समेत पश्चिमी निर्भरता ज्यादा रहेको हुनाले नेपालको आन्तरिक राजनीतिमा चीन दुर्बल देखापरेको हो भन्न सकिन्छ।

साढे तीन दशकअघि सोभियत सङ्घको विघटन र विभाजन गराउन सफल भएयता संसारमा एकलौटी राज चलाउँदै आएका पश्चिमा शक्ति भारत र चीनलाई भविष्यका मुख्य चुनौतीका रूपमा लिने गर्दथे, गर्दछन्। हज्जारौं वर्ष पुरानो सभ्यता, संस्कृति, गौरवमय इतिहास, भारी जनशक्ति र सङ्ख्या तथा भौगोलिक आकारमा पनि ठूलो मानिने चीन र भारत अर्थतन्त्र, प्रविधि र सैन्यशक्तिमा समेत मजबूत बनेको स्थितिमा यी मुलुक भविष्यमा महाशक्ति राष्ट्र बन्न सक्ने र त्यसले आफ्नो सान एवम् साखमा ठूलो धक्का पुर्‍याउन सक्ने सम्भावनालाई दृष्टिगत गरि पश्चिमा तागत दशकौंदेखि सचेत रही आएको छ। नेपाललाई संयुक्त राष्ट्र सङ्घको सदस्यता दिलाउन अमेरिकाले सर्वाधिक महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। त्यस अविष्मरणीय कार्यमा अमेरिकाले पुर्‍याएको योगदानको नदेखिने पाटो केलाउन खोजियो भने आफ्नो लक्ष्यप्रति अमेरिकी सचेतना छर्लङ्गै देख्न सकिन्छ।

तीसको दशकसम्म अमेरिका नेपालका राजासँग मिलेर नै आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ भन्नेमा विश्वस्त रहेको भान हुन्छ। तर तिब्बतलाई चीनबाट अलग गर्नका निम्ति मुस्ताङमा भएको खम्पा विद्रोहलाई समाप्त पार्न राजाले निर्वाह गरेको भूमिकाबाट पश्चिमी मुलुक झस्किएको र त्यसैबेलादेखि नेपालको राजनीतिक परिवर्तनमा उसले अप्रकट, तर निर्णायक भूमिका निर्बाह गर्दै आएको थियो। २०६३ को लोकतन्त्र लक्षित तर नेपाली राष्ट्रियताविरोधी राजनीतिक परिवर्तनपश्चात् शायद उसले दलहरूबाट अलिक बढी अपेक्षा राखेको थियो। तर काङ्ग्रेस-कम्युनिष्टका नेताहरूको दोहोरो चरित्रबाट आजित र सशङ्कित पश्चिमी शक्ति आफ्नै स्वतन्त्र भूमिकाबाट नेपाली राज्य संयन्त्र र समाजलाई काबुमा राख्ने अभ्यासमा केन्द्रित रहन थाल्यो। सामाजिक सन्जालको विकाशपश्चात् साइबर क्रियाकलापले थप गति लिएको र यसैक्रममा 'एनफ इज एनफ' नामक साइबर सन्जालको प्रादुर्भाव भएको थियो। उक्त सञ्जाललाई दुईपटक मात्र सार्वजनिक रूपमा परिचालन गरिएको थियो, नेकपाको सरकारका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीविरूद्ध बालुवाटार घेराउ कार्यक्रममा र स्थानीय निर्वाचनमा बालेन्द्र साहको प्रचारप्रसारमा मात्र उनीहरू सङ्गठित ढङ्गले परिचालित भएका थिए। यसबाहेकको समयमा 'एनफ इज एनफ'को काम केवल सन्जालको बिस्तारमा मात्र केन्द्रीत रहेको बुझिन्थ्यो।

गत वर्ष एमाले काङ्ग्रेस गठबन्धन सरकारले चीनसँग बीआरआई कार्यान्वयन सम्झौता गरेपछि झस्किएको पश्चिमी शक्ति उक्त गठबन्धन सरकारलाई विस्थापित गरेर आफ्नो अनुकुलको सरकार बनाउने योजनाबद्ध प्रयासमा लागिपरेको बुझिन्थ्यो। हालै सङ्घाई कोअपरेसन समिटमा सहभागिता जनाउन चीन पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीबाट जिएसआई (global security initiative) का पक्षमा उभिने सन्देश प्रवाह भएको र रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनसँग विशेष भेटवार्ता गरेको समाचारले पश्चिमाहरूलाई कति दुखाएको थियो होला, सहजै अनुमान गर्न सकिन्छ। कुनै पनि समयमा, कुनैपनि निहुँमा प्रयोग गर्न तयार पारिएको एनफ इज एनफ नेटवर्कलाई जेनजेड (gen–z) शीर्षकमा सरकारविरूद्ध परिचालन गर्ने तयारी भइरहेका बेला चीनको भ्रमणबाट फर्किएलगत्तै केपी ओलीले सामाजिक सन्जालको प्रयोगमा रोक लगाउने निर्णय गरिदिए। यो आत्मघाती निर्णय गर्नुअघि केपीको सरकारले सम्भावित परिस्थितिको विश्लेषण गर्न आवश्यक ठानेन। तर लाखौं नागरिक र विशेषगरी युवालाई गम्भीर असर पर्ने निर्णय हुनेबित्तिकै तयारी अवस्थामा रहेको साइबर सक्रियता बढाइयो र बिना नेताको आन्दोलन (movement without leaders) गर्ने तयारीमा अदृष्य शक्ति लाग्यो। यसको समन्वय गर्ने जिम्मेवारी काठमाडौं महानगरका मेयरले प्राप्त गरेको तथ्य अब सबैका सामु छर्लङ्ग भैसकेको छ।

काठमाडौंका मेयरलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख बनाउने पूर्व योजनाका साथ उनलाई काङ्ग्रेस-एमालेको सरकार विस्थापित गर्ने जिम्मेवारी प्राप्त भएको थियो। जेनजेडका अगुवाहरूलाई मार्ग निर्देशन गर्दै आएका रहस्यमयी मेयरले प्रधानमन्त्री र मन्त्री चयनमा समेत निर्णायक भूमिका निर्वाह गर्नाले भाद्र २३ र २४ को विद्रोहमा तिनै मेयरको नेतृत्वदायी भूमिका रहेको स्पष्ट गर्दछ। आफ्नी श्रीमती सवारी होइबक्सेको गाडी प्रहरीको चेकजाँचमा परेकोमा आक्रोशित भएका ती मेयरले तत्काल सिंहदरबार जलाइने घोषणा गरेका थिए। उनको नेतृत्वमा भएको हिंसात्मक विद्रोहका क्रममा सिंहदरबारमा आगलागी भयो। यति ठूलो घटना हुँदा पनि उनले सिंहदरबार नजलाउन उर्दी जारी गरेनन् ! न जलिरहेको सिंहदरबार बचाउन महानगरको मातहत रहेको दमकल नै पठाए ! सैन्य पोसाकमा राखिएका नगरप्रहरीलाई पनि महानगरको सम्पदा बचाउन नभइ आन्दोलनकारीका पक्षमा परिचालन गरिएको थियो।

देशका सबैभन्दा महत्वपूर्ण केन्द्रीय भवनहरू सिंहदरबार, संसद् भवन र शितल निवासलगायत सरकारी कार्यालयहरू खोजि-खोजिकन ध्वस्त पारिँदा पनि रहस्यमयी मेयरले न तिनको रक्षा गर्न कुनै पहल गरे न एउटा वक्तव्य नै जारी गरे ! सिङ्गै देश खरानी बनाइसकेपछि मेयरको सार्वजनिक वक्तव्य आयो- संसद् विघटन हुनुपर्छ भन्दै ! संसद् अस्तित्वमा रहँदासम्म आफू निर्णायक बन्न नसक्ने भएकोले उनी विघटनमा केन्द्रित भएका थिए। अदृष्य शक्ति चाहन्थ्यो कि संसद् विघटन होस्, किनभने संसद् विघटन नहुँदासम्म आफूअनुकुलको सरकार गठन हुन सक्दैनथ्यो। अदृष्य शक्तिलाई आफू अनुकुलको (पपेट) सरकार पनि गठन गर्नु थियो र सङ्गै संविधानको रक्षा पनि गर्नुपर्ने थियो। आफूअनुकुलको सरकार बनाउन र संसद् विघटन गराउन सफल भएपछि संविधानको रक्षा उनीहरूको प्राथमिकतामा परेको छ। यसनिम्ति त्यही अदृष्य शक्ति दलहरूलाई सक्रिय तुल्याउन अग्रसर भएभने कुनै आश्चर्य हुनेछैन। उनीहरू पहिलो चरणको आफ्नो मिसनमा पूर्ण सफल भएका छन्, अब प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको संवैधानिक व्यवस्थासम्म पुग्ने र तिनै रहस्यमयी मेयरलाई उक्त जिम्मेवारी सुम्पने मिसनचाहिँ पूरा हुने या नहुने भन्नेमा शङ्का छ। माओवादी कोटामा न्यायाधीश बनेकी सुशीला कार्कीलाई प्रधानमन्त्री बनाएर बाँकी मिसन पूरा गर्न खोजिएको सबैले बुझेका छन्।

अब कम्तिमा तीन विकल्पका निम्ति अदृष्य शक्ति क्रियाशील हुनसक्ने देखिन्छ। वर्तमान अन्तरिम सरकारमार्फत चुनाव गराएर रहस्यमयी मेयरको नेतृत्वको पार्टी (जुन बन्दैछ) लाई चुनावमा पूर्ण बहुमत दिलाउन सम्पूर्ण प्रयास गर्ने या कदाचित सुशीला कार्कीले सरकार छोड्नुपर्ने अवस्था आएमा पाकिस्तानी मोडल (सेना र अदालतलाई आवश्यकताअनुरूप प्रयोग/उपयोग गर्दै जाने) अवलम्बन गर्दै फेरिपनि आफूअनुकुल अन्तरिम सरकार गठन गर्ने र चुनाव गराउने वाचासहित अघि बढ्ने या सैन्य टेकओभर गराएर अन्तरिम संविधान जारी गराइ प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्न प्रयास गर्ने जस्ता विकल्पहरू अपनाइनसक्ने सम्भावना देखिन्छ। जे होस्, मुलुक अब चक्रब्यूहको अझै गहिरो चरणमा प्रवेश गरेको छ।

नेपालमा पश्चिमी नियन्त्रणको अवस्थालाई भारत, चीन र रसियाले टुलुटुलु हेरेर बस्ने छैनन् भन्नेमा हामी स्पष्ट हुन आवश्यक छ। विक्रम सम्वत २०१७ को जेठमा इजरायललाई मान्यता दिँदै दौत्य सम्बन्ध बनाउने दुईतिहाई बहुमतप्राप्त बीपी कोइरालाको सरकार त्यसको ६ महिना बित्दानबित्दै बर्खास्तगीमा पर्‍यो ! राजा महेन्द्रले बीपीको सरकार अपदस्थ गरेर शासन सत्ता आफूमा निहित गर्ने कदम चाल्नुका पछिल्तिर इजरायललाई देशको मान्यता दिनु नै मुख्य कारणका रूपमा रहेको देखिन्छ। ज्ञातब्य छ, त्यसबेला इजरायललाई मान्यता दिनुलाई नै अमेरिकी ध्रुवमा गएको अर्थमा बुझिन्थ्यो। अहिले पनि ठ्याक्कै त्यस्तै अवस्था देखापरेको छ। विश्वमञ्चमा भारत, चीन र रसिया एकातिर हुँदा नेपाल पनि त्यसको प्रभावमा पर्नु स्वभाविक हो, तर पश्चिमा शक्ति नेपालको उत्तरायणलाई सहजै स्वीकार गर्नसक्ने स्थितिमा देखिँदैन। त्यसैले नेपालले अझै लामो समय अर्कै स्तरको सङ्क्रमणकालबाट गुज्रनुपर्ने सम्भावना बढेर गएको छ।

कुनै शत्रुराष्ट्रले साङ्घातिक हमला गरेर पुर्‍याउने भन्दा धेरै बढी क्षति भाद्र २३ र २४ को विद्रोहले पुऱ्याएको छ। देशको आगामी कैयन वर्षहरू यिनै भत्किएका संरचनाहरूको पुनर्निर्माणमा बित्ने अब निश्चित भएको छ ! दुःखको यो अवस्थालाई पुनर्निर्माणमा रूपान्तरण गर्न सकेमा देशले शान्ति र स्थिरता प्राप्त गर्ने आशा राख्न सकिन्छ, त्यसनिम्ति सर्वपक्षीय सहमति, संसद पुनर्स्थापना, संविधान संशोधन, सर्वपक्षीय अन्तरिम सरकारको गठन र त्यही सरकारद्वारा आम निर्वाचनको आयोजना गर्नुपर्ने हुन्छ। नेपाल बचाउने उपायको प्रारम्भिक यात्रा सर्वपक्षीय (आन्दोलनकारी जिन जेड, राजनीतिक दलहरू, नागरिक समाज र राजसंस्था पुनर्स्थापना पक्षधर समेतको) सहमतिबाट मात्र सम्भव देखिन्छ। अब पनि आफू एक्लै विजयी बन्न खोज्नु या अर्को पक्षलाई निषेध गरेरै अघि बढ्ने प्रयास गर्नु भनेको देशलाई थप अनिश्चयको बाटोमा धकेल्नु हो। देश खरानी बनिसक्दा पनि राष्ट्रलाई केन्द्रमा राखेर सर्वपक्षीय सहमति बनाउन सकिँदैन भने यिनलाई नेपाल चाहिएकै रहेनछ भनेर बुझ्नुपर्ने हुन्छ ! देश खरानी बनेको यो अवस्थालाई पनि निर्माणको अवसरका रूपमा प्रयोग गर्न सकिन्छ। इतिहासकै सर्वाधिक भयावह अवस्थले पनि हाम्रो चेत फर्काउन नसक्ने हो भने थप बर्बादीका निम्ति तम्तयार रहनुपर्ने हुन्छ। भगवान् पशुपतिनाथ र स्वयम्भुनाथले सम्बद्ध सबैमा सद्बुद्धि प्रदान गरून्, जय मातृभूमि !

घटना र विचारबाट

# नेप्से परिसूचक ५८.६३ अङ्कले बढ्यो



काठमाडौं। दुई दिनको उच्च वृद्धिपछि सेयर बजारले नकारात्मक सर्किटको क्षति पूरा गरेको छ। साताको दोस्रो कारोबार दिन अर्थात् मङ्गलबार बजार परिसूचक नेप्से ५८.६३ अङ्क बढेर २६८२.२५ विन्दुमा पुगेको छ।

आइतबार सेयर बजारमा १११.७० अङ्कको वृद्धि भएको थियो। जबकि गत बिहीबार बजारमा नकारात्मक सर्किट लागेर परिसूचक १६०.३३ अङ्कले घटेको थियो। नेप्से बढे पनि यस दिन कारोबार रकम भने घटेको छ। आइतबार ९ अर्बभन्दा बढीको शेयर खरिदबिक्री भएको बजारमा आज ५ अर्ब २९ करोड रुपैयाँ बराबरको सेयर खरिदबिक्री भएको छ।

यस दिन ८ स्टकको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। सप्तकोशी डेभलपमेन्ट बैंक, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, ग्रीन डेभलपमेन्ट बैंक, नारायणी डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, भुगोल इनर्जी डेभलपमेन्ट कम्पनी, एशियन हाइड्रोपावर र हिम स्टार उर्जा कम्पनीको शेयर १० प्रतिशतले बढेको हो। यस दिन सबैभन्दा धेरै घटेको प्रभु स्मार्ट फण्ड ४.३० प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा यस दिन नेपाल पुनर्बीमा कम्पनी शीर्ष स्थानमा रहेको छ। उक्त कम्पनीको ३८ करोड ६८ लाख रुपैयाँ बराबरको सेयर किनबेच भएको छ।

त्यस्तै यूनिभर्सल पावर कम्पनीको करिब साढे १८ करोड रुपैयाँको शेयर कारोबार भएको छ भने हिमालयन डिष्टिलरीको कारोबार रकम १८ करोड नाघेको छ। सबै समूहको सूचक बढेका छन्। निर्जीवन बिमा समूहको सूचक सर्वाधिक ३.४८ प्रतिशत बढेको छ। त्यस्तै जलविद्युत् उपसमूहको परिसूचक ३ प्रतिशतभन्दा बढी बढेको देखिएको छ।

# थकान कम गर्न तथा राम्रोसँग सुत्न अपनाउनुपर्ने पाँच उपाय

१. **आइरनको स्तर जाँच गर्नुहोस्**
शरीरमा आइरनको कमीलाई थकान र अनिद्राको कारण मानिन्छ।
विशेष गरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू, र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ।
- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सीयुक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ।
- यदि तपाईंले लामोसमयदेखि थकानको महसुस गरिरहनुभएको छ भने भने, फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस्।

२. **स्वस्थ आहार ग्रहण गर्नुहोस्**
अध्ययनहरूले देखाएको छ कि फलफूल र तरकारी बढी खाने व्यक्तिहरूको निद्रा राम्रो हुन्छ, जबकि फास्ट फुड र चिनी धेरै भएको पेय पदार्थहरू सेवन गर्नेहरूको निद्रामा समस्या हुन्छ।
- मेडिटेरेनियन डाइट (फलफूल, तरकारी, गेडागुडी, नट्स, साबुत अन्न, कम फ्याट भएका दुग्धजन्य पदार्थ) अपनाउनु लाभदायक हुनसक्छ।
- हरियो सागसब्जीमा पाइने भिटामिन ए, सी, तथा आइरनजस्ता खनिजहरूले निद्रामा सुधार ल्याउँछ।

३. **नियमित रूपमा व्यायाम गर्नुहोस्**
- दैनिक हल्का व्यायाम, जस्तै हिंड्नु, योग गर्नु, वा कार्डियो एक्सरसाइज गर्नु, निद्रा राम्रो बनाउन मद्दत गर्छ।
- हप्तामा कम्तीमा तीन दिन व्यायाम गर्नु बढी प्रभावकारी देखिएको छ।
- राति सुत्नुभन्दा दुई घण्टा अघि हल्का व्यायाम गर्दा निद्रामा असर पर्दैन।

४. **मदिरा र धूम्रपान त्याग्नुहोस्**
- धुम्रपान अनिद्रासँग जोडिएको छ, जसले हल्का निद्रा र थकानको समस्या निम्त्याउन सक्छ।
- मदिराले सुरुवातमा निद्रा ल्याए पनि, रातभर राम्रो निद्रा आउँदैन र निद्रा चक्र बिगार्छ।

५. **नियमित रूपमा बिहानको खाजा खानुहोस्**
- बिहानको खाजा नियमित खाने गर्नाले शारीरिक र मानसिक ऊर्जा बढ्छ।
- नियमित रूपमा खाजा खानेहरू कम थकानको महसुस गर्छन्।
- एक निश्चित समयमा खानपान गर्दा शरीरको जैविक घडी (बडी क्लक) सन्तुलित रहन्छ।

स्वास्थ्य खबरबाट

# ग्रामीण सडकमा सधैँको सास्ती



ढोरपाटन। बागलुङ जिल्लाकै सबैभन्दा विकट गाउँ नर्जाखानी तीन महिनादेखि सिधा सडक सञ्जालसँग टुटेको छ।

दसैँ नजिकिएसँगै सहर बजार र विदेश गएका आफन्त गाउँ फर्किन थाले । उनीहरुले लिएर आएको कोसेली पनि घरमा सजिलै पुग्न पाएका छैनन् । स्थानीय घण्टौँ पैदलयात्रा गरेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ। खोलामा गाडी नतर्ने र पहिरोले पुरिएको सडकमा पैदलयात्रा पनि निकै कष्टकर हुँदा नर्जाखानीका नागरिकले वर्षौँदेखि सास्ती खेप्नु परेको छ।

तमानखोला गाउँपालिका-६ मा पर्ने नर्जाखानी पुग्न आधा दर्जन स्थानमा खोला तर्नुपर्छ।

तर ती खोलामा पुल नबन्दा बर्खाको करिब चार महिना यातायात ठप्प हुने गरेको छ । स्थानीय तह स्थापनापछि सडकले जोडिएको नर्जाखानीका स्थानीय अहिले पनि दैनिक उपभोग्य सामान बोकेरै उपभोग गर्छन् ।

गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानीसम्म बाह्रैमहिना सडक सञ्चालन गर्न पाँच स्थानमा मोटरेवल पुल निर्माण गर्नुपर्छ । अहिलेसम्म कुनै पनि स्थानमा पुल नबन्दा स्थानीय मर्कामा छन् । नर्जाखानीसँगै पाल्ते र भित्रिवन गाउँ अहिले सडक सञ्जालभन्दा टाढा छन्। तीन महिनाभन्दा बढी समय सडक बन्द हुँदा गाउँमा सामान ढुवानी गर्न समस्या भएको स्थानीय तमबहादुर छन्त्यालले बताए। सडकले हिउँदमा धेरै सुविधा दिए पनि बर्खामा समस्या मात्रै बनाएको उनको भनाइ छ।

उनले भने-"सडकमा ठूला-ठूला पहिरो आएर बसेको छ, खोला उर्लिएर गाडी हिँड्ने ठाउँमा पुगेको छ, दसैँ आयो, सडक खुलेन, हामीहरु धेरै मर्कामा छौँ, चाडवाडका बेला बजारबाट गाडीमै सामान ल्याउन पाए कति सजिलो हुने थियो, पाँच/छ घण्टा बोकेरै ल्याउनुपर्छ, खोलामा पुल बने त गाउँमै गाडी आउँथ्यो होला।"

बर्खामा गाडी नचल्दा बिरामीलाई अस्पताल पुर्‍याउन र यात्रा गर्न सबैभन्दा बढी समस्या हुने गरेको तमानखोला गाउँपालिका-५ का अध्यक्ष चित्रहादुर छन्त्यालले जनाए। यहाँका धेरै गाउँ खोला पार गरेपछि मात्रै पुग्न सकिने हुँदा अहिलेसम्म एउटा पनि बन्न नसकेको उनको भनाइ छ।

# तातोपानी र केरुङ नाका बन्द हुँदा दसैँको सामान बेच्न समस्या

बुटवल। नेपाल-चीन जोड्ने सिन्धुपाल्चोकको तातोपानी र केरुङ नाका बन्द हुँदा दसैँको सामान बेच्न समस्या भइरहेको व्यवसायीले गुनासो गरेका छन्।

नेपाल-चीन जोड्ने प्रमुख दुई नाका वर्षात्का कारण अवरुद्ध हुँदा दसैँका लागि ल्याइएका हजारौँ कन्टेनरका सामान नाकामा रोकिँदा समस्या भइरहेको व्यवसायीले बताएका हुन्।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका निवर्तमान अध्यक्ष कुमार कार्कीले दसैँमा नेपाल-चीन जोड्ने दुई प्रमुख नाका अवरुद्ध हुँदा सामान नाकामा आएर रोकिएको बताए।

गत असार २४ गते नेपाल-चीन सिमानामा बग्ने लेन्दे खोलामा आएको बाढीले मितेरी खोलाको पुल बगाउनुका साथै पासाङल्हामु राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको थियो। मितेरी पुल नबन्दा अहिले पनि उक्त राजमार्ग सञ्चालनमा आउन सकेको छैन।

साथै विगत एक महिनादेखि सिन्धुपाल्चोकको तातोपानी नाका पनि अवरुद्ध भएको छ। राजधानी काठमाडौँबाट सिन्धुपाल्चोकको तातोपानी जोड्ने अरनिको राजमार्गका विभिन्न ठाउँमा पहिरो जाँदा उक्त बाटोसमेत सञ्चालन हुन नसक्दा सामान नाकामा रोकिएका निवर्तमान अध्यक्ष कार्कीले बताए।

राष्ट्रिय व्यापार सङ्घका पूर्वअध्यक्ष सरोज श्रेष्ठले दुवै नाका बन्द भएपछि लत्ताकपडा र कच्चापदार्थ नआउँदा उद्योगी व्यवसायी मर्कामा परेका जनाए।

उनका अनुसार हाल तातोपानी नाकामा तीन हजारभन्दा बढी र केरुङ नाकामा एक हजार ५०० भन्दा बढी कन्टेनर सामग्रीसहित रोकिएका छन्।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले दसैँको नजिक बाटो बन्द हुँदा व्यवसायीको चिन्ता बढेको धारणा राखे। "जेनजी प्रदर्शनका कारण समयमा नाकाबाट सामान ल्याउन नसक्दा व्यवसायीहरू समस्यामा परेका छन्।"-उनले भने।

दसैँमा सामान नआउँदा व्यवसाय सञ्चालनमा समस्या भइरहेको व्यापारीको भनाइ छ।

समान अभाव हुनुका साथै भएका सामान महँगोमा खरिद गर्नु परिरहेको ग्राहकले गुनासो गरेका छन्।

काठमाडौँको कीर्तिपुरबाट न्युरोडमा सामान किन्न आएका हीराकाजी महर्जनले यसपटक गत वर्षको तुलनामा लत्ताकपडा महँगो भएको बताए।

दसैँ अगाडि काठमाडौँको महाबौद्ध, असन, न्युरोड, कलङ्की, चाबहिल, कोटेश्वर, बानेश्वरलगायत क्षेत्रमा लत्ताकपडा किन्ने ग्राहकको घुइँचो लाग्ने गर्दछ।

# आन्तरिक राजस्व कार्यालयको सेवा वाणिज्य संघको कार्यालयबाट

दाङ । आन्तरिक राजस्व कार्यालय तुलसीपुरले आफ्नो सेवा मंगलबारदेखि सुरु गरेको छ।

तुलसीपुर उद्योग वाणिज्य सङ्घको कार्यालयबाट सेवा सुरु गरेको हो। सेवाग्राहीको अवस्थालाई मध्यनजर गरी हाललाई करदाता सेवा र राजस्वसम्बन्धी सेवा सञ्चालन गरेको कार्यालयका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए। सो कार्यालयअन्तर्गत दाङ, पूर्वी रुकुम, प्यूठान, रोल्पालगायत जिल्लाका गरी ३५ हजार बढी करदाताहरु छन्। जेनजी प्रदर्शनका क्रममा कार्यालयका दुईवटा भवन र निवास पूर्णरुपमा क्षतिग्रस्त छन्।

दुई गाडी, कार्यालयभित्र रहेका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन्। भवनमा बस्न नमिल्ने भनि प्राविधिक टोलीले सुझाव दिएको कार्यालय प्रमुख टण्डनले बताए । तत्कालका लागि तुलसीपुर उद्योग वाणिज्य सङ्घले निःशुल्क उपलब्ध गराएको कार्यालयबाट सेवा सुरु गरिएता पनि केही समयपछि भाडाको घरबाट सेवा दिनुपर्ने अवस्था रहेको प्रमुख कर अधिकृत टण्डन बताउँछन्। जिल्लाका धेरै सरकारी कार्यालयले अझै सेवा सुरु गर्न सकेका छैनन्। केही कार्यालयले पाल टाँगेर सेवा सञ्चालन गरेका छन्।

# धितोपत्र बोर्डको कामकाज ठप्प




बुटवल । सेयर बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डमा रहेका दुवै कर्मचारी युनियनले खाइपाइ आएको सेवा सुविधा कटौती भएको विरोधमा कामकारबाही ठप्प पार्दै आन्दोलनमा उत्रिएका छन्।

बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठ तथा कार्यकारी निर्देशकको सवारीसाधन नियन्त्रणमा लिई उनीहरुले सबै काम ठप्प पारेका हुन्। 'खाइपाइसकेको सुविधा समेत फिर्ता गर्नुपर्नेगरी यसअघि मन्त्रीस्तरीय जुन निर्णय भएको छ, त्यो तत्काल खारेज नगरेसम्म हाम्रो विरोध कायम रहन्छ।'- युनियनका एक कर्मचारीले भने।

बोर्ड परिसरमा नाराबाजी समेत गरेर उनीहरुले विरोध प्रदर्शन गरे। हाल कार्यरत र पेन्सन पाकेका कर्मचारीले बोर्डको कर्मचारी कल्याण कोष र कर्मचारी सुरक्षण कोषबाट छुट्टाछुट्टै सेवासुविधा पाउँदै आएका छन्। तर हालै मन्त्रीस्तरीय निर्णयबाट सेवा सुविधा पाउने सम्बन्धी सबै नीतिगत व्यवस्था खारेज गर्न निर्देशन दिइएको छ।

त्यति मात्रै नभइ यसअघि लिइसकेको सुविधा समेत फिर्ता गर्नुपर्नेगरी निर्णय भएको छ।

लिँदै आएको सुविधा कटौती हुने र थप भुक्तानी समेत गर्नुपर्ने भएपछि कर्मचारी आन्दोलनमा उत्रिएका हुन्। बोर्ड अध्यक्ष श्रेष्ठलाई यो निर्णय तत्काल फिर्ता गर्न/गराउन वा राजीनामा दिन भन्दै उनीहरुले दबाब दिएका छन्।

# चाडपर्वमा निकुञ्जको सुरक्षामा कडाइ

चितवन । चाडपर्वको समयमा हुन सक्ने चोरीसिकारीलाई मध्यनजर गर्दै चितवन राष्ट्रिय निकुञ्जको सुरक्षामा कडाइ गरिएको छ।

कामका सिलसिलामा विदेश वा जिल्ला बाहिर रहेका व्यक्तिहरु आउने क्रम बढेसँगै निकुञ्ज सुरक्षामा चुनौती थपिने गर्दछ।

यही समयमा तस्करीहरुले योजना बनाउन सक्ने भएकाले निकुञ्जको सुरक्षालाई आकलन गरी सुरक्षा व्यवस्था कडाइ गरिएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्ज क्षेत्र भित्रका ३२ वटा सिसि क्यामेरा मर्मत गरी सञ्चालनमा ल्याइएको छ।

उनले भने-"चाडपर्वको समयमा हुन सक्ने सम्भावित चोरीसिकारीलाई नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडा पारिएको छ ।" चाडपर्व लक्षित सुरक्षाका लागि हात्ती, पैदल, छोटो तथा लामो दुरीको गस्ती गरिने छ।

निकुञ्ज भित्रका ५७ वटा पोष्टहरुलाई सक्रिय बनाइएको उनले जानकारी दिए । उनले भने-"चेकपोष्ट र निकुञ्ज क्षेत्रमा बसोबास गर्ने सबैलाई चनाखो रहन आग्रह गरिएको छ।"

वन्यजन्तु संरक्षणका लागि बनाईएका समुदाय स्तरका क्लबहरुलाई सचेतना जगाइएको उनले जानकारी दिए।

९५२ दशमलव ६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस निकुञ्जमा हरेक वर्ष चाडपर्वको समयमा तस्करहरु आउने गरेकाले यस वर्ष उच्च सतर्कता बढाइएको उनले बताए।


## निस्दी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

## नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E–BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना।

पहिलो पटक प्रकाशित मितिः २०८२/०६/०७ (२०२५-०९-२३AD)

मित्याल, पाल्पा, लुम्बिनी प्रदेश, नेपाली

यस गाउँ कार्यपालिकाको कार्यालयले नदीजन्य पदार्थ (ढुंगा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोला/नदीहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिम शर्तको अधिनमा रहि विद्युतिय बोलपत्र आह्वान गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | विवरण | उत्खनन्/विक्री योग्यप रिमाण (घ.मि.) | न्यूनतम ठेक्का अंक रु(मु.अ. करबाहेक) | बोलपत्र मुल्य (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | NRM/REVE-NUE/2081/82-01 | Baudhi-khola Ghat | 2800 | 791056 | 3000 | |
| 2 | NRM/REVE-NUE/2081/82-02 | Bhaogatekhola Ghat | 1440 | 406828.8 | 3000 | |
| 3 | NRM/REVE-NUE/2081/82-03 | Murali khola Ghat | 3200 | 904064 | 3000 | |
| 4 | NRM/REVE-NUE/2081/82-04 | Arunkholajharag Ghat | 8064 | 2278241.28 | 3000 | |
| 5 | NRM/REVE-NUE/2081/82-05 | ArunkholaRipaha Ghat | 1500 | 423780 | 3000 | |
| 6 | NRM/REVE-NUE/2081/82-06 | Nisdikholagalda ghat | 4400 | 1243088 | 3000 | |
| 7 | NRM/REVE-NUE/2081/82-08 | Nisdikholadumri ghat | 720 | 203414.4 | 3000 | |
| 8 | NRM/REVE-NUE/2081/82-09 | NisdikholaBhogate ghat | 960 | 271219.2 | 3000 | |
| 9 | NRM/REVE-NUE/2081/82-10 | Arunkholaranitar Ghat | 1344 | 379706.88 | 3000 | |
| 10 | NRM/REVE-NUE/2081/82-11 | Arunkholakalberi Ghat | 2256 | 637365.12 | 3000 | |
| 11 | NRM/REVE-NUE/2081/82-12 | Arunkhola sera Ghat | 1408 | 397788.16 | 3000 | |

◆ बोलपत्रको फारम सार्बजनिक खरिद अनुगमन कार्यालय को वेबसाइट www.bolpatra.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

◆ विस्तृत सूचना र कार्यहरुको लागि गाउँपालिकाको वेवसाइट www.nisdimun.gov.np मा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क नं. ९८५७०७९२०९, ९८५७०७९२१० र ९८५७०७९२०५


# दुई दिनमा ६५६ कैदीबन्दी कारागार फर्काइए



बुटवल । 'जेनजी' प्रदर्शनका क्रममा उत्पन्न परिस्थितिपछि कारागारबाट भागेकामध्ये हालसम्म छ हजार ९८४ कैदीबन्दीलाई फर्काइएको छ । कारागार व्यवस्थापन विभागका अनुसार अझै सात हजार ५७२ कैदीबन्दी फरार छन्।

पछिल्लो दुई दिनमा छ सय ५६ जना कैदीबन्दीलाई कारागारमा फर्काइएको विभागका निर्देशक चोमेन्द्र न्यौपानेले राससलाई जानकारी दिए। कैदीबन्दीहरू दैनिकजसो कारागारमा आइरहेका उनको भनाइ छ।

गत भदौ २४ गते जेनजीद्वारा गरिएको प्रदर्शनका क्रममा कारागारमा तोडफोड र आगजनी हुन थालेपछि कैदीबन्दी भागेका थिए । भागेका कैदीबन्दीको कूल सङ्ख्या १४ हजार ५५६ रहेको छ भने १५ हजार ५२५ कैदीबन्दी भने नभागी बसेका थिए।

फरार रहेकाहरूको खोजी जारी रहेको विभागले जनाएको छ। ती कैदीबन्दीहरू २८ वटा कारागार र नौ वटा सुधारगृहबाट भागेका थिए।

कतिपयलाई प्रहरीले पक्राउ गरेर ल्याएको छ भने अधिकांश आफैँ आएका हुन् । बालसुधार गृहबाट नौ सय ६३ जना भागेका थिए। प्रहरीले हिरासतमा रहेका दुई हजार आरोपीसमेत फरार रहेका र खोजी जारी रहेको जानकारी दिएको छ। दश जना कैदीबन्दीको भने मृत्यु भएको छ।


## लुम्बिनी विकास कोष
## धरौटी रकम जफत हुने सम्बन्धी सूचना

(सूचना प्रकासित मिति २०८२।०६।०८)

महालेखा परीक्षकको कार्यालयबाट यस कोषको आ.ब. २०७८/७९ को श्रेस्ता लेखा परीक्षण हुँदा बेरुजु दफा नं. ४३ मा लुम्बिनी विकास कोष, विहार क्षेत्र सम्बन्धी विनियमावली, २०५८ को प्रावधान अनुसार सम्झौता भई विहार निर्माण प्रयोजनको लागि राखेको धरौटी रकम ऐ. विनियमावलीको विनियम ५(४) को अवधिभित्र निर्माण सम्पन्न नगरेको खण्डमा धरौटी रकम जफत गर्ने स्पष्ट व्यवस्था रहेको छ। सोही विनियमावलीको विनियमका ५(४) बमेजिमको अवधिभित्र निर्माण सम्पन्न गरेको प्रमाण पेश हुन नआएकोले तपशील अनुसारको धरौटी रकम जफत गर्नुपर्ने भनी बेरुजु कायम हुन आएकोले तपशील अनुसारका संस्थाहरुको धरौटी रकम जफत गर्ने यस कोषको मिति २०८२।०५।२२ को निर्णय अनुसार सम्बन्धित संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बिहारहरुको नाम | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| १ | सोक्यो अर्गनाइजेशन, जापान | ४,००,०००।- | |
| २ | लिन्सन बुदिष्ट टेम्पल, फ्रान्स | ८,९३,९९८।- | |
| ३ | जोराङ्ग थुप्टेन मिन्ड्रोल डोङ्गा छोलसङ गुम्बा | १९,४१,०७३।- | |
| ४ | कम्बोडियन मोनाष्ट्री, कम्बोडिया | १४,०३,६९९।- | |
| ५ | राङ्री यशे इन्क, अमेरिका | ४,०३,०२,२१४।- | |
| ६ | क्यानेडियन इन्गेज्ड बुदिष्ट एशोसियसन, क्यानडा | ११,२०,८८७।- | |
| ७ | अखिल नेपाल भिक्षु महासंघ, नेपाल | २४,४८,८३०।- | |
| ८ | ग्रेट विज्डम मेडिटेशन सेन्टर, मलेशिया | ६०,४९,०२४।- | |
| ९ | टासी छोलिङ्ग गुम्वा, नेपाल | ३४,०४,५९६।- | |
| १० | द ग्रेट शाक्य मोन्लम, नेपाल | ८१,२८,९९९।- | |
| ११ | रसियन नेपाल कोपरेशन एण्ड फ्रेन्डसिप सोसायटी, रुस | २,२९,१७,१३५।- | |
| | जम्मा रकम | रु.८,९०,१०,४५५।- | |



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# सेवा प्रवाहलाई पुरानै लयमा फर्काउँछौं : मुख्यमन्त्री आचार्य



बाँके । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सेवा प्रवाहलाई पुरानै लयमा फर्काउन संयुक्त कार्ययोजना बनाएर अघि बढिरहेको बताएका छन् ।

नेकपा एमाले क्षेत्रीय समन्वय समिति क्षेत्र नं. ३ को पाँचौं पूर्ण बैठकलाई मंगलबार बाँकेमा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय सरकारबिच सहकार्य गरेर आन्दोलनबाट प्रभावित सेवा प्रवाहलाई पुरानै लयमा फर्काउने प्रयास भइरहेको बताए ।

'सेवा प्रवाहलाई पुरानै लयमा फर्काउन जरुरी छ । त्यसका लागि स्थानीय सरकार र प्रदेश सरकारले संयुक्त ढंगले कार्ययोजना बनाएर अघि बढ्न खोजिरहेका छौं,' उनले भने-'कर्मचारीहरूको दबिएको मानसिकता छ । त्यसलाई माथि उठाउन प्रयास गरिरहेका छौं । त्यस मानेमा पनि यदि हामी चुप लागेर बस्यौं भने खराब तत्वले मुलुकमा राज गर्ने अवस्था आउँछ ।'

मुख्यमन्त्री आचार्यले तोकिएको समयमा चुनाव हुने हो भने नेकपा एमाले चुनावबाट नभाग्ने स्पष्ट पारे । 'यदि साँच्चै तोकिएको मितिमा चुनाव हुने हो भने हामी चुनावबाट भाग्दैनौं,' उनले भने-'एमाले चुनावबाट कुनै हालतमा भाग्दैन ।'

यस्तै, सम्बोधनका क्रममा उनले देशको राष्ट्रियता र स्वाभिमानका पक्षमा दृढताका साथ उभिएकै कारण तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार ढालिएको दाबी गरे । नेपालको सहमति विना भारत र चीनले नेपाली भूमिलाई व्यापारिक नाकाको रूपमा प्रयोग गर्ने सम्झौता गरेको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाएकै कारण मुलुकमा यस्तो परिस्थिति सिर्जना भएको दाबी उनको छ ।

'चीन भ्रमणको क्रममा देशको भूमिसम्बन्धी विषय नउठाएको भए यो अवस्था आउने थिएन,' उनले भने-'देशको स्वाभिमान र राष्ट्रियताको पक्षमा उभिएकै कारण यो अवस्था सिर्जना भएको हो । यसमा दुईमत छैन ।'

आँधिभेरीमा सतीशालझैं उभिन सक्दा मात्र गन्तव्यमा पुग्न सकिने उल्लेख गर्दै उनले भने-'घर जलेर खरानीको थुप्रो मात्र छ । शरीरमा लगाएको कपडा बाहेक केही छैन । तर म निराश छैन । अहिले कर्मचारीहरूको मनोबल उच्च बनाउन, संरचनाहरू छिटोभन्दा छिटो सुधार गरेर सेवा प्रवाह गर्न सकिन्छ भन्ने विश्वास दिलाउन अनुगमन गरिरहेको छु । जनताको मनोबल कसरी बढाउन सकिन्छ भन्नेमा ध्यान दिएर अघि बढेका छौं ।'

आम जनताबिच पुग्ने गरी पार्टीले कार्ययोजना निर्माण गर्ने समेत उनले बताए । 'भदौ २३ गते जेन्जीहरूले सडकमा आन्दोलन गरे । आन्दोलन भइरहँदा यो मुलुकमा यस्तो अवस्था आउला भनेर कसैले कल्पना गरेका थिएनौं । प्रदर्शनका दुई माग थिए । सुशासन कायम गर्दै भ्रष्टाचार अन्त्य गर्नुपर्ने र बन्द भएको सामाजिक सञ्जाल सञ्चालन हुनुपर्ने । राज्य सत्ता परिवर्तन भने उनीहरूको माग थिएन,' मुख्यमन्त्री आचार्यले भने-'सुरक्षा निकायका अंगहरूले आन्दोलनको बारेमा समयमै जानकारी लिन सक्नुपर्थ्यो । घटनाको सत्यतथ्य पत्ता लगाउन जरुरी छ । सुरक्षा निकायलाई सूचना भएर पनि राजनीतिक नेतृत्वलाई गुमराहमा पारियो या जानकारी नै भएन, यो विषय छानबिन हुनु आवश्यक छ ।'

# भू-उपयोग नियमावली संशोधन

बुटवल । नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अनिलकुमार सिन्हाले भू-उपयोग (दोस्रो संशोधन) नियमावलीलाई संशोधन गर्ने निर्णय गरेका छन् ।

मंगलबार सिंहदरबारस्थित मन्त्रालयमा पदभार ग्रहण गर्दै उनले यस्तो निर्णय लिएका हुन् । भू-उपयोग नियमावली बाधक बन्दा विद्युत् लाइन विस्तार र अन्य विकास निर्माणका काममा समेत बाधा पुगेको भन्दै उनले यस्तो निर्णय गरिएको बताए । उनले भू-उपयोग नियमावलीका कारण कित्ताकाट रोकिएको भन्दै उक्त निर्णय गरेको पनि बताए ।

'मैले पहिलो निर्णयको रुपमा भू-उपयोग (दोस्रो संशोधन) नियमावली, २०८१ लाई लाई संशोधन गर्ने भनेर प्रक्रिया अगाडि बढाएका छौं । अहिले कित्ताकाटहरू रोकिएका छन्,' उनले भने-'कित्ताकाट रोकिएको कारण विद्युत्का ट्रान्समिसन लाइन र अन्य विकास निर्माणका काम पनि रोकिएको अवस्था छ । त्यो समस्याहरू हटाउनको लागि नियमावलीको आवश्यकता देखिएको कारणले संशोधन गर्न गइरहेका छौं ।'

उनले सहकारी क्षेत्रमा रहेका समस्याहरु समाधान गर्न आफू लागिपर्ने पनि उनले बताए ।

'स्थानीय तहलाई दिइएका अधिकारहरु पनि विभिन्न कारणले रोकिएका छन् । केन्द्रिकृत शासन प्रणालीलाई विकेन्द्रिकृत गरेर स्थानीय तहलाई जवाफदेही बनाउने खालको निर्णय भू-उपयोगसम्बन्धमा गरेका छौं ।'- उनले भने । मन्त्री सिन्हा सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन् । १७ साउन २०७३ मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका उनी ६५ वर्षे उमेर हदका कारण १४ कात्तिक २०८० मा निवृत्त भएका थिए ।

# गृहसहित तीन सचिवको सरुवा

बुटवल । सरकारले तीन जना सचिवको सरुवा गरेको छ । यसअघिको मन्त्रिपरिषद् बैठकबाटै सचिवहरूको जिम्मेवारी हेरफेर गर्ने निर्णय भए पनि सरकारले सार्वजनिक भने गरेको थिएन ।

मन्त्रिपरिषद् बैठकपछि गृहमन्त्री ओमप्रकाश अर्यालले प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) मनोज केसीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) मा सरुवा गर्ने निर्णय गरेको जानकारी गराएका थिए । तर उनले आफ्नै मन्त्रालयको सचिव सरुवा बारे भने बोलेका थिएनन् ।

गृह सचिव गोकर्णमणि दुवाडीलाई राष्ट्रिय योजना आयोगमा सरुवा गरिएको छ । गृह सचिवको जिम्मेवारी यसअघि रक्षा मन्त्रालयमा रहेका रामेश्वर दंगालले पाएका छन् । रक्षा मन्त्रालयमा योजना आयोगबाट सुमनराज अर्याललाई ल्याइएको छ । जेनजी आन्दोलनपछि सरकारले गृह प्रशासनमा व्यापक हेरफेर गरिरहेको छ । प्रहरीको जिम्मेवारी पनि धमाधम हेरफेर भइरहेको छ । सीआइबी र काठमाडौं प्रहरी प्रमुखसहित झन्डै २ सय प्रहरीको यसबिचमा सरुवा गरिएको छ ।

# ३४ सय बढी मतदाताको नाम हटाइयो




स्याङ्जा । जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले झण्डै ३५ सय मतदाताको नाम हटाएको छ । २०७९ सालमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेपछि ३ हजार ४ सय ७८ जनाको नामावली हटाएको हो । मृत्यु, दोहोरो र नागरिकता त्याग गरेका आधारमा कार्यालयले मतदाता नामावलीबाट नाम हटाएको निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिए ।

प्रमुख थापाका अनुसार स्याङ्जामा ३ हजार १ सय ८३ जनाको मृत्यु भएका कारण मतदाता नामावलीबाट नाम हटाइएको बताए । त्यस्तै दोहोरो नामावली भएका २ सय ८४ र नागरिकता परित्याग गर्ने ११ जनाको पनि मतदाता नामावलीबाट नाम हटाइएको छ । जसबाट २०७९ मंसिरमा भएको निर्वाचनपछि कार्यालयले अद्यावधिक गर्दा ३ हजार ४ सय ७८ मतदाता नामावलीबाट हटेका हुन् । सो अवधीमा स्याङ्जामा १ हजार ७ सय ८३ जना नयाँ मतदाता थपिएका छन् । यो तथ्याङ्क २०८२ को बैशाख मसान्तसम्मको हो ।

२०७९ को मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा स्याङ्जाबाट २ लाख ४४ हजार ८९ जना मतदानमा सहभागी भएका थिए । तर बैशाख मसान्तसम्म स्याङ्जामा २ लाख ४१ हजार ९ सय १० जना मतदाता रहेको निर्वाचन कार्यालयका प्रमुख थापाले बताए । यो हिसाबले हेर्दा स्याङ्जाको मतदाता संख्या घटेको देखिन्छ । जसमा महिला १ लाख २३ हजार ६ सय ४२ र पुरुषको संख्या १ लाख १८ हजार २ सय ६७ अन्य १ जना रहेको छ ।

रुपन्देहीलगायत केही क्षेत्रमा कार्तिकमा तोकिएको उप-निर्वाचनका लागि निर्वाचन आयोगले असार १६ गतेबाट मतदाता नामावली खिचाउन बन्द गरेको छ । आयोगले अन्तिम नामावली भदौ २५ गते प्रकाशन गर्ने तयारी गरिरहँदा २३ र २४ गतेको जेनजीको आन्दोलनले सरकार नै फेरिएपछि स्थगित गरेको थियो । जसले गर्दा नयाँ निर्वाचन मिति समेत तोकिएको छ ।

अन्तरिम सरकारले फागुन २१ गते निर्वाचनको मिति तोकेपछि धेरै मतदानबाट वञ्चित हुने चर्चा समेत चल्न थालेको छ ।

मतदाता नामावलीमा नाम दर्ता नभएकाहरुका लागि के गर्ने भन्ने विषय छलफलको क्रममा रहेको आयोगले जनाएको छ ।

मतदाता नामावाली ऐन २०७३ अनुसार निर्वाचन मिति घोषणा भइसकेपछि उक्त निर्वाचन प्रयोजनका लागि नाम दर्ता गरिने छैन भन्ने व्यवस्था रहेको छ । तर कसैले नागरिकता बनाउँदा मतदाता नामावलीमा पनि नाम दर्ता गराएका छन् र उनी आउँदो निर्वाचनको अघिल्लो दिन अर्थात् फागुन २० गते १८ वर्ष पूरा हुन्छन् भने त्यस्ता व्यक्तिले पनि मतदान गर्न पाउने बताइएको छ ।

निर्वाचन आयोगले उपलब्ध गराएको २०८१ चैत ३१ सम्मको तथ्यांकअनुसार १ करोड ८१ लाख ४८ हजार ६ सय ५४ मतदाता रहेका छन् । जुन अघिल्लो प्रतिनिधिसभा निर्वाचनको भन्दा १ लाख ६० हजार ५४ ले बढी हो ।

# लागुऔषधसहित तीन जना पक्राउ




परासी । पश्चिम नवलपरासी प्रहरीले लागुऔषधसहित तीन जनालाई पक्राउ गरेको छ । जिल्लाको प्रतापपुर गाउँपालिकाको वडा नं. १ सिसहानियास्थित भित्री सडक खण्डबाट इलाका प्रहरी कार्यालय सेमरीको टोलीले लागुऔषधसहित तीन जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा जिल्ला कस्की पोखरा महानगरपालिका वडा नं. २९ बस्ने २१ वर्षीय रोहित सेञ्चुरी, रोहितको श्रीमती १८ वर्षीया रोइरा सेन्चुरी भन्ने असिदा बेगम र सोही ठाउँ बस्ने ३९ वर्षीय बादल बस्याललाई लागुऔषधसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायब उरीक्षक एवम् सूचना अधिकारी वीरदत्त पन्तले जानकारी दिए । उनको अनुसार बाटोमा शंकास्पद अवस्थामा हिंडिरहेको र प्रहरीले चेकजाँच गर्दा झोलाभित्र लागुऔषध बरामद गरिएको हो ।

उनीहरुको साथबाट डाइजेपाम १३२ क्यापसुल, बुप्रिनुफिन १३२ एम्पुल र प्रोमिथावाइन १३२ एम्पुल लागुऔषधसहित पक्राउ गरिएको उनल जानकारी दिए । तीनै जनालाई अनुसान्धन भैरहेको र उनीहरुलाई लागुऔषधसम्बन्धी मुद्दा दायर हुने प्रहरीले जनाएको छ ।

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

थानीश्वर सुवेदी/ विशाल थापा
महासचिव अध्यक्ष

मासु व्यवसायी संघ रुपन्देही परिवार
बुटवल- रुपन्देही

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहन भुसाल (अध्यक्ष)

राष्ट्रिय यातायात उद्यमशील मजदूर भलाइकोष परिवार
बुटवल- रुपन्देही

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण सेवाग्राही एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

योग बहादुर गुरुङ्/ दिनेश फुल्लेल
महासचिव अध्यक्ष

यातायात मजदूर व्यवसायी भलाइकोष परिवार
बुटवल- रुपन्देही

प्रकोप जोखिम न्यूनीकरणको पूर्व तयारी गरौं ।

सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगलागीजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं.
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com